# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## हरितालिका तीज २०८२ को शुभकमाना

हरितालिका तीजको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनीहरूमा सुख, शान्ति, र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सनातन वैदिक संस्कृतिमा नारी शक्तिको सम्मान र प्रकृतिको संरक्षणका लागि विशेष महत्त्व राख्ने यो पर्वले एकताबद्ध भई अगाडि बढ्न प्रेरणा दिन्छ । पौराणिक कथाअनुसार, माता पार्वतीले महादेवलाई पतिको रूपमा पाउनका लागि कठोर तपस्या तथा निराहार व्रत बसेर त्याग गरेको कथासँग तीज पर्वको इतिहास जोडिएको छ । हिमालय पर्वतमा घोर तपस्या गरेको र उहाँको यही त्याग र समर्पणबाट खुसी भएर महादेवले उहाँलाई पत्नीका रूपमा स्वीकार गर्नुभएको धार्मिक विश्वास छ । पौराणिक कथाअनुसार माता पार्वतीको यही कठोर तपस्याको सम्मानस्वरूप **"हरितालिका तीज"** मनाउने गरिन्छ । यो पर्वले भगवान शिव र पार्वतीको अटुट प्रेम र समर्पणको गाथालाई स्मरण गराउँदै नारी जीवनमा पतिको दीर्घायु, सुस्वास्थ्य र प्रगतिको कामना गर्ने महत्त्वपूर्ण पर्वका रूपमा स्थापित छ।

तीजले पारिवारिक तथा सामाजिक सद्भावलाई अझ प्रगाढ बनाउनुका साथै मौलिक संस्कृति र परम्परालाई जीवन्त राख्न मद्दत पुऱ्याउँछ। यस पर्वमा चेलीहरुले जन्मघर गएर आफ्ना दुःखसुख साट्ने, नाचगान गर्ने र मिठो परिकार खाने प्रचलन छ । जसले दिदीबहिनीहरूमा आपसी प्रेम र आत्मीयता बढाउँछ । पछिल्ला समय देखापरेका भड्कीलो देखासिकीबाट पर रहेर पर्वको गौरव र मर्यादालाई कायम राख्दै तीज पर्व मनाउन सबैमा अनुरोध समेत गर्दछु । मुलुकको समृद्धि, राष्ट्रिय एकता र सामाजिक सद्भाव कायम राख्नका लागि यस्ता चाडपर्वहरूको ठूलो भूमिका हुन्छ । यो पर्वले समाजमा रहेका विकृति र विसङ्गतिलाई हटाएर समानता र न्यायमा आधारित समाज निर्माण गर्न सबैलाई प्रोत्साहन गरोस् भन्ने कामना समेत गर्दछु ।

अन्त्यमा, यस वर्षको हरितालिका तीज पर्वले सबैको जीवनमा हर्ष, उल्लास र उमङ्ग भर्न सकोस् सम्पूर्ण दिदीबहिनीहरूमा सुखद र अविस्मरणीय तीजको शुभकामना व्यक्त गर्दछु।

**२०८२ साल भाद्र १० गते, मंगलबार**
**ने. सं. ११४५ यंलाथ्व: तृतीया**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**